डि.स.का.भ.पु.द.नं.: २२/०५१/०५२
नेफ्स्कून द.नं.:१२७/०५२/०५३
प्यान नं.: ३०१३७२३९४

उपकार बचत तथा ऋण सहकारी संस्था लि. द्वारा प्रकाशित

सहकारी सन्देश

नेफ्स्कून

"मेरो उपकार, सपना साकार"

उपकार बचत तथा ऋण सहकारी संस्था लि.
Upakar Savings & Credit Co-operative Society Ltd.
उपकार बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

२०७६ श्रावण | बर्ष १० | अंक १६ | पृष्ठ ६

# २५ औं स्थापना दिवस तथा रजत महोत्सव

चैत्र १२ गते। संस्थाको २५ औं स्थापना दिवस तथा रजत महोत्सव कार्यक्रम मिति २०७५ चैत्र १२ गते माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवज्यूले "उपकार स्मारिका २०७५" विमोचन गर्नु भएको थियो भने यस मध्यपुर थिमि क्षेत्रको कला, संस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष योगदान पुऱ्याउनु भएकोमा यस संस्थाका सदस्य श्री गणेश राम लाछि प्रजापतिलाई "साँस्कृतिक स्रष्टा सम्मान" बाट सम्मानित गरिनुका साथै २५ बर्ष पहिले यस संस्थाको शुरुवात गर्नुहुने संस्थापक सदस्यहरुको सम्मान समेत गरिएको थियो। सो अवसरमा आफ्नो मन्तव्य राख्नु हुँदै कार्यक्रममा प्रमुख अतिथिज्यूले सहकारिताको माध्यमबाट सदस्यको आर्थिक सामाजिक, शैक्षिक लगायत समुदायको मौलिक कला संस्कृतिको विकास गरी आफ्नो समुदायको साँस्कृतिक तथा ऐतिहासिकताको संरक्षण र सम्बर्द्धन कार्यमा लाग्नु भएकोमा संस्थाको प्रशंसा गर्नु भयो। कार्यक्रमका विशेष अतिथि नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष श्री परितोष पौडेलले संस्थाका कर्मचारीद्वय ऋण अधिकृत श्री राम कृष्ण वाडे र कार्यालय सहायक श्री सुर्यवति वाडेलाई पुरस्कार तथा प्रशंसा पत्र



प्रदान गर्नु हुँदै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.ले सञ्चालित ब्राण्डिङ्ग कार्यक्रमले संस्थाहरु सही दिशा तर्फ अग्रसर हुनका लागि सहयोग पुऱ्याएको धारणा राख्नु भयो। उक्त कार्यक्रम मध्यपुर थिमि नगरपालिका वडा नं. ६ र ७ का श्री हरि माया प्रजापति र श्री जित बहादुर भत्तांलाई असहाय मासिक बृद्ध भत्ता प्रदान गर्नु हुँदै नेफ्स्कूनका पूर्व अध्यक्ष एवं सहकारीविद् श्री कैलाश भक्त प्रधानाङ्गले सहकारीमा लाग्दै आएको आयको विषयमा सबैको ध्यानाकृष्ट भएको भए तापनि सहकारीका गरिव सदस्यहरुले दुःख गरेर जम्मा गरेको बचतमा लाग्दै आएको व्याज करको विषयमा त्यति चर्चा भएको नपाएकोले यस विषयलाई पनि प्राथमिकताका साथ उठाउनु पर्ने विचार व्यक्त गर्नु भएको थियो । सो समारोहमा

बाँकी पृष्ठ ६ मा

# भवन निर्माण शिल्यान्यास

माघ २७ गते। संस्था स्थापनाको एक दशक पछि संस्थाले तत्कालिन मध्यपुर थिमि नगरपालिका वडा नं. ७, बाहाखा बजारको तथा:हिति अगाडीको सटलसँगै जोडिएको पुरानो घर खरिद गरी सो घरलाई मर्मत पुनः निर्माण गरी हालसम्म प्रयोग गर्दै आईरहेको छ भने मिति २०७३ साल कार्तिक २८ गते काठमाण्डौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्त कार्यालय, भक्तपुरले गोरखापत्र दैनिकमा सडक मापदण्ड सम्बन्धी सूचना प्रकाशित गरेकोमा हाल संस्थाले प्रयोग गर्दै आएको भवन सूचना अनुसार सडक अधिकार क्षेत्र भित्र परेको र उक्त भवनमा स्थान अभावका कारण कारोबार गर्न असहज समेत भएकोले नयाँ भवन निर्माण गर्न आवश्यक देखिएकोले संस्थाको सञ्चालक समितिले हाल संस्थाले हलको रुपमा प्रयोग गरेको स्थान र बगैचामा नयाँ भवन निर्माण गर्ने निर्णय गरेको छ। सो निर्णय अनुसार मिति २०७५ माघ २७ गते श्रीपञ्चमीका दिन संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार श्री कृष्ण बहादुर घजूज्यूले भवनको सिलान्यास गर्नु भएको थियो । भवनको नक्सा स्वीकृतिका लागि मध्यपुर थिमि नगरपालिकामा पेश गरेको छ भने नक्सा स्वीकृत भए पछि भवन निर्माण कार्य अगाडी बढाइने छ।


## सदस्य बन्ने सुबर्ण अवसर







मध्यपुर थिमि नगरपालिका-६, बाहाखा बजार, भक्तपुर
फोन नं. ९७७-०१-६६३३६४३/६६३०९२५
ई-मेलः upakarsaccos@gmail.com

## प्रकाशकीय

### स्वागत योग्य कार्य

सहकारीलाई अन्य व्यापारिक प्रतिष्ठान सरह लगाइदै आएको आय कर सहकारी क्षेत्रमा लामो सयम देखि चर्चाको बिषय बन्दै आयो । सहकारीलाई कर प्रयोजनको लागि कुन तहमा राख्ने भन्ने बिषयले निष्कर्ष पाउन सकेको छैन । बिगतमा पनि सहकारीलाई कहिले व्यापारिक प्रतिष्ठान भन्दा कम त कहिले सो बराबर नै कर लगाई आएको थियो । सहकारी क्षेत्रलाई बिगतमा ३०% आय कर लगाईदै आएकोमा आ.ब. २०६१/०६२ मा ५०% आय कर घटाई १५% कायम गरिएको थियो । त्यसको लगत्त आ.ब. २०६३/०६४ बाट आयकर बृछि गरी २०% कर लगाइएकोमा अघिल्लो आ.ब.सम्म कायम रह्यो । सहकारी ऐन २०७४ ले सहकारीको आय करलाई ५% कायम हुने व्यवस्था गऱ्यो । सहकारी ऐनले आय कर तोकेको भए पनि कार्यान्वयन भने हुन सकेन । के अव सहकारीमा लाग्दै आएको आय कर ५% मात्र लाग्ने हो त ? कर सम्बन्धमा आर्थिक ऐन आकर्षित हुने भएकोले अन्य ऐनमा भएको व्यवस्थाले कर प्रशासनलाई असर नगर्ने चर्चा चल्न थाल्यो । यसै बीच सरकारले आर्थिक ऐनमा भएको सहकारीको कर सम्बन्धी व्यवस्थामा संशोधन गरी बचत तथा ऋण सहकारीमा लाग्दै आएको आय करमा ७५% छुट दिने व्यवस्था गऱ्यो । यसलाई बचत तथा ऋण सहकारी संस्थाहरुले स्वागत गर्दै गर्दा आ.ब. २०७६/०७७ को बजेट भाषणमा आगामी आ.ब.मा हाल प्रदान गर्दै आएको छुट व्यवस्थालाई हटाई आयकर दरमा नै परिवर्तन गरी ५% कायम गरेको छ, जसलाई सहकारीकर्मीहरुले स्वागत गरेको छ र यो आयकर व्यवस्था तत्काल परिवर्तन नहुने कुरामा विश्वस्त समेत रहेको छ ।


**सम्पादक मण्डल**

संयोजक श्री नानी छोरी बाडे
सदस्य श्री सरोज घ:जु
सदस्य श्री शर्मिला विश्वकर्मा
सदस्य श्री रुपा श्रेष्ठ
सदस्य श्री हरि बहादुर श्रेष्ठ

**सल्लाहकार**

अध्यक्ष श्री कान्छा भक्त घ:जु
उपाध्यक्ष श्री जय कृष्ण दुवाल
सचिव श्री हरि कृष्ण कालु
कोषाध्यक्ष श्री तुल्सी कृष्ण छुंजू


## सुत्केरी भेटघाट तथा राहत सहयोग

संस्थाले सञ्चालन गर्दै आएको "जन्मदेखि मृत्युसम्म, उपकार साकोस घरसम्म" कार्यक्रम अन्तरगत सदस्य सुत्केरी हुँदा गरिदै आएको सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिदै यस अवधिमा ५६ जना सदस्य सुत्केरीहरुसँग भेटघाट गरिएको छ । संस्थाको महिला उपसमितिको अगुवाईमा हुँदै आएको कार्यक्रममा संस्थाको तर्फबाट नवजात शिशुका लागि एक सेट लुगा र मुख हेरे बापत रु. ५००।- को चेक उपहार स्वरुप प्रदान गर्दै आएको छ ।

साथै सोही कार्यक्रम अन्तरगत संस्थाका सदस्य तथा सदस्यका परिवारहरुको निधनमा संस्थाले प्रदान गर्दै आएको राहत सहयोग यस बर्ष पनि प्रदान गरेको छ । चालु आ.ब.को यस अवधिसम्ममा नियमित बचत सदस्य ६ जना, जेष्ठ नागरिक सदस्य ७ जना र संस्थाका सदस्यहरुका परिवारजन १५ जना गरी जम्मा २८ जनाको निधनमा समवेदना सहित सहयोग प्रदान गरिएको छ ।

## कार्यक्रमहरूमा सहभागीता

बिगत बर्षहरुमा जस्तै यस बर्ष पनि ६२ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" भन्ने नाराका साथ भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सूर्यविनायकको संयोजनमा भएको प्रभातफेरी कार्यक्रममा सहभागिता भएको थियो । भक्तपुर जिल्लाको पश्चिम भेगका सहकारी संस्थाहरु भक्तपुरको दूधपाटी देखि टौमढी सम्मको प्रभातफेरी कार्यक्रममा सहभागी भएको थियो भने प्रभातफेरी कार्यक्रम पछि भएको कार्यक्रममा पनि संस्थाले सहभागी रहेको थियो ।

त्यसै गरी विश्व क्यान्सर दिवसको उपलक्ष्यमा नेपाल क्यान्सर सोसाईटी भक्तपुरको आयोजना मिति २०७५ माघ २१ गते मध्यपुर थिमि नगरपालिकाबाट शुरु भएको क्यान्सर सम्बन्धी जनचेतना फैलाउनका लागि भएको प्रभातफेरी कार्यक्रम तथा वाङमय सताब्दी पुरुष श्री सत्यमोहन जोशी अभिनन्दन समारोह समिति भक्तपुरको आयोजनामा भएको मध्यपुर थिमि नगर क्षेत्रमा बाङमय शताव्दी पुरुष कला संस्कृतिका अभियन्ता श्री सत्यमोहन जोशीको १०० औं जन्म दिनको अवसरमा २०७६ असार ६ गते मध्यपुर थिमिमा भएको अभिनन्दन कार्यक्रममा भएको ऱ्यालीमा संस्थाले पनि सहभागीता जनाएको थियो ।

## ३६५ दिने काउण्टर सेवा

**कार्यालय सञ्चालन समय**

प्रत्येक दिन विहान ७ बजे देखि दिउसो ४ बजे सम्म
(नगद कारोबार विहान ७ बजे देखि दिनको ३ बजेसम्म)

**संस्था विदाको दिन**

विहान ७ बजेदेखि १० बजेसम्म
(नगद कारोबार विहान ७ बजे देखि ९:३० बजेसम्म)

**अनिवार्य मासिक बचत बुझाउने समय तालिका**

सदस्य नं. १ देखि १००० सम्मका सदस्यले प्रत्येक महिनाको १ गतेदेखि १० गतेसम्म र सदस्य नं. १००१ देखि माथि सबै सदस्यले ११ गतेदेखि १५ गतेसम्ममा मासिक बचत बुझाउनु हुन सूचित गरिन्छ ।

## ब्याजदर

| क्र.सं. | बचतको प्रकार | ब्याज दर |
|---|---|---|
| १. | नियमित बचत | ६.०% |
| २. | बाल बचत | ६.०% |
| ३. | ऐच्छिक (खुत्रुके) बचत | ६.०% |
| ४. | जेष्ठ नागरिक बचत | १०.०% |
| ५. | आपतकालिन बचत | ६.०% |
| ६. | बिमा बचत | ६.०% |
| ७. | दैनिक बचत | ४.०% |
| ८. | महशूल बचत | ६.०% |
| ९. | क्रमिक बचत | ६.०% |
| १० | कम्प्युटर बचत | ६.०% |
| ११. | आ.बचत ६ महिने | ९.०% |
| १२. | आ.बचत १ बर्षे | १०.५% |
| १३. | १२० दिने | ११.०% |

## ऋण लगानी तर्फ:

| क्र.सं. | ऋणको प्रकार | ब्याज दर |
|---|---|---|
| १. | खरखाँचो ऋण | ९.०% |
| २. | शैक्षिक ऋण | १२.०% |
| ३. | बैक ब्यालेन्स सो ऋण | १२.०% |
| ४. | कृषि ऋण | १२.०% |
| ५. | ब्यापारिक ऋण | १३.०% |
| ६. | यातायात ऋण | १२.०% |
| ७. | आवास ऋण | १२.०% |
| ८. | बैदेशिक रोजगार ऋण | १२.०% |
| ९ | हायर पर्चेज ऋण | १२.०% |
| १०. | प्रोत्साहन ऋण | ६.०% |
| ११. | उपकार विशेष ऋण | १२.०% |

## २०७६ आसार १ गते सम्मको वासलात

| पूँजी तथा दायित्व | रकम | सम्पति | रकम |
|---|---|---|---|
| शेयर पूँजी | ७१,९५६,८००।०० | नगद | १,४२३,०३६।०० |
| कोष हिसाब | ५५,११६,१९१।६० | बैंक मौज्दात | १११,९७०,२३५।३२ |
| निक्षेप दायित्व | ६१९,७२१,६२८।९८ | ऋण लगानी हिसाब | ५७०,३६३,९३१।०० |
| चालु दायित्व | २०,०८०,०१३।११ | लगानी हिसाब | ७७,३३८,४००।०० |
| | | अन्य सम्पत्ति | ३,५९७,६१२।९१ |
| | | स्थिर सम्पति | २,१८१,४१८।४६ |
| जम्मा | ७६६,८७४,६३३।६९ | जम्मा | ७६६,८७४,६३३।६९ |

# वार्षिक सुमिक्षा कार्यक्रम

असार २३ गते । एशियाली ऋण महासंघ (आकु) को प्राविधिक सहयोगमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा सञ्चालित एक्सेस ब्राण्डिङ्ग कार्यक्रमको पहिलो ब्याचमा सहभागी भई गुणस्तर सुनिश्चितता सम्बन्धी एक्सेस ब्रन्च ब्राण्ड प्राप्त गर्न सफल भई यस मध्यपुर थिमि क्षेत्रमा आफ्नो छुट्टै पहिचान कायम गर्न सफल यस संस्थाले आफ्नो योजना तथा कार्यक्रमहरुको आवधिक समीक्षा गर्ने क्रममा चालु आर्थिक वर्ष २०७५/०७६ को लागि निर्धारण गरेको बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वय समबन्धमा बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गऱ्यो । दुई चरणमा सम्पन्न भएको उक्त कार्यक्रमको पहिलो चरणको कार्यक्रममा संस्थाका सचिव श्री हरिकृष्ण कालुले गत २०७५ असोज २४ गते सम्पन्न भएको २४ औ बार्षिक साधारण सभाले पारित गरिएका कार्यक्रमहरु र सोको कार्यन्वयन सम्वन्धी प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भयो भने संस्थाका कोषाध्यक्ष श्री तुल्सी कृष्ण छुंजुले चालु आर्थिक वर्षमा शेयर पूँजी रु. ७,४०,००,०००।-, कोष रु. ४,७०,००,०००।- बचत (निक्षेप) रु. ५९,९७,००,०००।, ऋण लगानी रु ५४,६२,५०,०००।, बचत (नाफा) रु. १,५३,००,०००। हुने अनुमान सहित कुल सम्पति रु. ७४,१०,००,०००।- हुने लक्ष्य निर्धारण गरेकोमा २०७६ असार १८ गते सम्ममा शेयर पूँजी रु. ७,१८,१८,२००।-, कोष ४,७५,९९,०५९।८५, बचत (निक्षेप) रु. ६१,२७,९५,६१८।८५, ऋण लगानी रु ५६,२६,८७,०८२।-, बचत (नाफा) रु. २,१६,४९,५५७४५ तथा कुल सम्पति रु. ७६,७६,८९,०२४। भएको जानकारी गराउनु हुँदै आर्थिक सुचकहरु संस्थाले निर्धारण गरेको लक्ष्य अनुसार पुऱ्याउन सफल भएको जानकारी दिनु भयो ।

कार्यक्रममा प्रस्तुत प्रतिवेदनहरुका सम्बन्धमा आफ्नो धारणा राख्नु हुदै संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार श्री कृष्ण वहादुर घजूले उपकार साकोसलाई आफ्नो संस्थाको रुपमा स्वीकार गरी आफ्ना परिवारका सम्पूर्ण सदस्यहरुलाई संस्थामा आवद्ध गराउनुका साथै संस्थाले प्रस्तुत गरेको विभिन्न बचत कार्यक्रममा समेत सहभागि गराई कारोवार गर्नुपर्ने विचार व्यक्त गर्नु भयो । साथै संस्था प्रति कुनै गुनासा भएमा वा सदस्यहरुको गुनासाहरु सुनिएका संचालक समिति वा व्यवस्थापनमा जानकारी गराई सोको सत्य तथ्य जानकारी लिई समाधान गरी संस्था प्रति नकारात्मक धारणा हटाउन सहयोग गर्नुपर्ने समेत धारणा राख्नु भयो ।

यस संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक श्री कमल प्रसाद भटराईले समग्रमा संस्थाले आफ्नो लक्ष्य हासिल गर्न सफल भए तापनि केही कार्यक्रमहरु समयमा हुन नसकेकोले आगामी दिनमा समयमा कार्यक्रम सम्पन्न गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने धारणा राख्नु भयो ।

कार्यक्रमको दोश्रो चरणमा आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि आफ्नो उपसमितिको तर्फबाट संचालन गरिने कार्यक्रमका सम्बन्धमा सुझावहरु संकलन गरिएको थियो । संस्थाको बार्षिक कार्यक्रम तथा बजेट निर्माण उप समितिका संयोजक एवं संस्थाका सचिव श्री हरि कृष्ण कालुले विभिन्न उपसमितिबाट प्राप्त सुझावहरुलाई प्राथमिकताका दिई आगामी बर्षको कार्यक्रम तथा बजेट निर्माण हुने विचार व्यक्त गर्नु भयो । उक्त कार्यक्रमका अध्यक्षता गर्नुहुने संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजुले सुझावहरु प्रस्तुत गर्नु भएको धन्यवाद ज्ञापन गर्नु हुँदै उक्त कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्नका लागि सक्रिय सहयोग प्राप्त हुने विचार व्यक्त गर्नु भएको थियो ।

# दलित जागरण कार्यक्रम

असार २० । संस्थाको दलित उत्थान उपसमितिको आयोजनामा दलित जागरण कार्यक्रमको आयोजना गरियो । संस्थाका उपाध्यक्ष श्री जयकृष्ण दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार श्री कृष्ण वहादुर घजूले संस्थाले दलित समुदायको विकासको लागि विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको जानकारी गराउनु हुँदै दलित भनेको अछुट नभई कालीगढ (सिल्पी) हुन् र उनीहरुको कामलाई सम्मान गर्नुपर्ने धारणा राख्नु भयो । कार्यक्रममा नेपाल वार एसोसिएसनका पूर्व केन्द्रीय सदस्य अधिवक्ता विवेकराज ढुगेलले दलितहरुका सम्बन्धमा मुलुकी ऐन देवानी संहितामा भएको नयाँ व्यवस्था सम्वन्धमा जानकारी गराउनु भएको थियो ।

# महिला जागरण कार्यक्रम

फागुण २४ गते । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा महिला अधिकार सम्वन्धमा भएका विभिन्न गतिविधिहरुको जानकारी तथा महिलाको कानुनी अधिकार सम्वन्धी जानकारी मुलक कार्यक्रमको आयोजना गरिएको थियो । संस्थाको महिला उपसमितिको आयोजनामा भएको उक्त कार्यक्रम अधिवक्ता आशा राईले महिला अधिकारका सम्बन्धमा पछिल्लो समयमा भएको गतिविधिहरु तथा महिला हक अधिकार सम्बन्धमा भएको कानूनी व्यवस्थाका सम्वन्धमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा ५४ जना महिला सदस्यहरुको सहभागिता रहेका थियो ।

## उच्च शिक्षा अभिमुखिकरण कार्यक्रम

जेष्ठ ११ गते । माध्यमिक शिक्षा परीक्षा पछि विद्यार्थीहरु नयाँ शैक्षिक वातावरणमा प्रवेश गर्ने र विद्यार्थीहरुमा माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण पछि उच्च माध्यमिक तहमा अध्ययनको विषय छनौट गर्न असहज भएकोले एस.ई.ई परीक्षामा सहभागी भएका विद्यार्थीहरुलाई लक्ष्यित गरी उच्च शिक्षा अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको थियो । शिक्षा क्षेत्रमा लामो अनुभव हालिस गर्नुभएका सानोठिमी क्याम्पसका उपप्रध्यापक श्री रामकृष्ण दुवाल तथा श्री पद्म उच्च माध्यमिक विद्यालय, भक्तपुरका शिक्षक श्री विकास घजुले उच्च माध्यमिक विद्यालयमा छनौट गर्नु पर्ने बिषयमा सम्बन्धमा सहजीकरण गर्नु भएको थियो । कार्यक्रम संस्थाको शिक्षा उपसमितिको आयोजनामा भएको थियो ।

# जेष्ठ नागरिक सदस्य धार्मिक भ्रमण कार्यक्रम

फाल्गुण ८ गते । संस्थामा आवद्ध जेष्ठ नागरिक सदस्यहरुका लागि विगत बर्षहरुमा गराईदै आएको जेष्ठ नागरिक भ्रमण यस बर्ष पनि सम्पन्न भयो । यस बर्ष भक्तपुर जिल्लाको विश्व सम्पदा सुचीमा सुचिकृत ऐतिहासिक एवं पुरातातिवक महत्वको धार्मिक स्थल चाँगु नारायण मन्दिर तथा सोही क्षेत्रमा रहेको अर्को धार्मिक स्थल त्रिशुल बाबाको भ्रमण गराइएको थियो । उक्त कार्यक्रममा संस्थाका ९८ जना जेष्ठ सदस्यहरु तथा संचालक समिति र लेखा समितिका पदाधिकारी तथा कर्मचारीको सहभागिता रहेको थियो । संस्थाले यस अघि पलाञ्चोक भगवती, चण्डेश्वरी बनेपा, चण्डेश्वरी टोखा, पुरानो गुहेश्वरी, पाँच माने, कुशेश्वर महादेव लगायतका धार्मिक स्थलहरुको भ्रमण गराई सकेको छ ।

# जेष्ठ महिला सम्मान (मुख हेर्ने) कार्यक्रम



बैशाख २१ गते । मातातीर्थ औशीका दिन राष्ट्रिय अभिलेखालयका प्रमुख श्रीमती शौभाग्य प्रधानाङ्गज्यूको प्रमुख आतिथ्यता जेष्ठ महिला नागरिक (महिला) सदस्य सम्मान (आमाको मुख हेर्ने) कार्यक्रम सम्पन्न भयो । संस्थाका उपाध्यक्ष एवं साँस्कृतिक उपसमितिका संयोजक श्री जयकृष्ण दुवालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि श्रीमती शौभाग्य प्रधानाङ्ग, संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार श्री कृष्ण वहादुर घजु, लेखा सुपरिवेक्षण समितिका संयोजक श्री कमल प्रसाद भट्टराईले मातातीर्थ औशीको महत्ववारे प्रकाश पार्नु भएको थियो । सहभागी जेष्ठ नागरिक महिला सदस्यहरुलाई साँस्कृतिक परम्परा अनुसार सगुन प्रदान गर्नुका साथै उपहार प्रदान गरिएको थियो । कार्यक्रममा १२४ जना सदस्यहरुको सहभागिता रहेको थियो ।

# उपकार सहकारीमा आवद्धता पछी मेरो जीवनमा भएको परिवर्तन

विन्दु प्रजापति
सदस्यता नं ५३३

सर्वप्रथम म उपकार बचत तथा ऋण सहकारी संस्थालाई अन्तर आत्मा देखि धन्यवाद ज्ञापन गर्न चाहन्छु । आज भन्दा करिव ३० बर्ष अगाडी प्रसव वेदनाले छट्पटि रहेको अवस्थामा मसंग न त पाथी भरी चामल थियो न त कोठा भाडा तिर्न रु. २००१- पैसा नै थियो । अझै भन्नु पर्दा साथमा २० रुपैया भन्दा वढी थिएन । जीवनको यस्तो संकट, अभाव र अस्तव्यस्त परिस्थितिमा म मात्र १५ वर्षकी थिए तर पनि हिम्मत नहारी म एक्लै प्रसुति गृह, थापाथलीमा प्रसुति भर्ना भई पहिलो सन्तानको रुपमा छोरालाई जन्म दिने हिम्मत गरे । उक्त अवस्थामा मेरो उपचारको क्रममा सय रुपैयाको त के कुरा दश रुपैया मात्र पनि उपचारको लागि तिर्न सक्ने अवस्थामा थिएन । वरु उपचार नपाएर मृत्यु हुने निश्चित थियो । मृत्युलाई अंगाल्न तयार थिए । त्यस समयमा दश रुपैया खोजी निकाल्ने न त सामर्थ नै थियो, नत माध्यम नै थियो, ममा । यस्तो सघर्षमय जीवनलाई अंगाल्दै आजको अकल्पनिय परिवर्तन र सफलताको पछाडी कसको हात छ भनी कसैलाई भन्नु पर्दा “उपकार बचत” भन्नु बाहेक मसंग अरु शव्द नहोला ।

जीवन संघर्षको क्रममा करोडपति खानदानमा जन्मिए तापनि आर्थिक कारोवार र भएको सम्पतिको सदुपयोग गर्ने सही ज्ञान नहुँदा कयौरात भोक भोकै सुत्नु परेको र व्यक्तिसँग ऋण सरसापट गर्दा साँवा भन्दा व्याज धेरै बनाई शोषण सहनु परेको, दुर्व्यबहार गर्दा समेत आवाज उठाउन नसकी लाचार भई सहन वाध्य भएको अनुभवहरु मसँग थियो । यस्तो समयमा उपकार बचत तथा ऋण सहकारी संस्थाको स्थापना भई आफ्नो प्रभाव विस्तारै समाजमा पार्न थालि सकेको थियो । पछि मैले पनि उपकार बचत तथा ऋण सहकारी सस्थामा आवद्ध हुने मौका प्राप्त गरे । यस अवस्थासम्म आईपुग्दा मैले अनमी तालिम लिई प्रत्यक्ष रुपमा स्वास्थ्य पेशामा संलग्न भई सानो औषधी पसल व्यवसाय शुरु गरी सकेको थिए भने मेरा पति ड्राईभिङ्ग पेशामा संलग्न हुनु हुन्थ्यो । उपकारमा आवद्धतासंगै त्यस संस्थाबाट संचालन भएका महिला हक अधिकार सम्वन्धी तालिम, नेतृत्व विकास तालिम लगायत विविध तालिममा सहभागी हुने अवसरहरु पाएँ । त्यसबाट मेरो आत्मबल झन बलियो भयो र त्यसै संस्थाबाट ऋण लिई मेरा पतिको नाममा आफ्नै गाडी खरिद गरे । मैले पनि व्यापार व्यवसाय गरी आय आर्जन गरी बचत गर्न सक्ने भए । आफुले राम्रो पढाई गर्न नसके पनि छोराछोरीलाई पढाउनु पर्छ भन्ने मान्यताले छोरालाई राम्रो विद्यालयमा अध्ययन गराई उच्च शिक्षाको लागि विदेशमा अध्ययन गराई एक सफल चिकित्सक (डाक्टर) बनाउन सफल भएकी छु । यस सफलतामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा उपकार सहकारीको साथ रहेको छ ।

सहकारी, मानिसको सुख दुःखमा साथ दिने संस्था हो । यो कुरा उपकार सहकारीले पुष्टी गरेको छ र उपकार बचत, यस समुदायको भरोसा योग्य संस्था सावित भएको छ । यस संस्थाबाट प्राप्त तालिम, ज्ञान, सीपका कारण मैले नेपालको ६० जिल्लामा टेक्ने अवसर प्राप्त गर्न गरेकी छु । सहकारीबाट प्राप्त महिला अधिकार, महिला हिंसा, बलात्कार विरुद्ध आवाज उठाउन सक्ने भए र हिंसा, बलात्कार पिडीतलाई न्याय दिलाउन पनि सफल भए भने अन्याय गर्ने अपराधीलाई सजाय दिलाउन पनि सफल भएकी छु ।

आजको परिर्वतनशिल समाजमा महिलाको भूमीका अझै बढ्दै गएको छ । घर परिवार समाजको परिर्वतनको लागि महिलाको महत्वपूर्ण भूमिका रहेको छ । महिलाहरु सहकारी संस्थामा आवद्ध भई संस्थाले दिईने विभिन्न किसिमका तालिममा सहभागी भई ज्ञान आर्जन गर्नु पर्दछ जसले गर्दा महिलाले अन्यायमा सहन नपरोस् । अतः सहकारीमा आवद्ध हुन बाकी रहेका सम्पूर्ण महिला, पुरुष, वालवालिकाहरु समुदायमा आधारित स्थानिय व्यक्तिहरुबाट “मेरो उपकार सपना साकार” भन्ने नाराका साथ यस क्षेत्रका लागि सञ्चालित “उपकार बचत तथा ऋण सहकारी संस्था” मा आवद्ध भई “आफ्नो सपना साकार” बनाउने तर्फ अग्रसर बनौं ।

# PALM कार्यशाला सम्पन्न

असार ७ गते । संस्थाले स्थापना काल देखि नै संस्थाको संस्थागत विकासमा जोड दिदै आन्तरिक सुशासन कायम राखी सदस्यहरुलाई गुणस्तरिय सेवा प्रदान गर्ने कार्यमा जोड दिदै आएको छ । सोही अनुसार एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बाट संचालित एक्सेस ब्राण्डिङ्ग कार्यक्रममा सहभागिता जनाउदै आएको छ । सो कार्यक्रम अर्न्तगत सन् २०१८ र २०१९ गरी दुई पटक गुणस्तरको प्रतिक चिन्ह “एक्सेस ब्रञ्ज” प्राप्त गर्न सफल भई सहेको छ भने कार्यक्रममा हाल सम्म निरन्तर सहभागिता जनाउदै आईरहेको छ । एक्सेस कार्यक्रमको पहिलो व्याचको रुपमा सहभागि सात ओटा संस्था वीच एक्सेसका विभिन्न सूचकाँकहरुका सम्बन्धमा भएका गतिविधिहरुको नियमित रुपमा छलफल हदै आएकोमा २१ औं कार्य कुशलता तथा सिकाई व्यवस्थापन कार्याशाला (एक्सेस पुनरावलोकन) बैठक यस संस्थाको आतिथ्यतामा कृषि विकास बैंक केन्द्रीय तालिम प्रतिष्ठान, वोडेमा




सम्पन्न भयो । नेफ्स्कूनका अध्यक्ष श्री डि. वि. वस्नेतज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रम सातै संस्थाका पदाधिकारी एवं व्यवस्थापकहरुको सहभागीता रहेको थियो । कार्यशालाको सहजीकरण नेफ्स्कूनका सदस्य सेवा विभागका प्रमुख श्री दुर्गाप्रसाद ढकालज्यूले गर्नु भएको थियो भने आगामी कार्यशाला बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि., बुडोल, बनेपाको आयोजनामा गर्ने गरी सम्पन्न भएको थियो ।

## सञ्चालक क्षमता अभिवृद्धि कार्यक्रम

असार २७ गते । संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको एक दिने क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न भयो। संस्थाका पदाधिकारीहरुलाई सहकारी सम्बन्धमा भएका विभिन्न गतिविधिहरु तथा सहकारी क्षेत्रका नयाँ कानूनी व्यवस्थाहरुको जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको हो । उक्त कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का सदस्य सेवा विभागका प्रमुख श्री दुर्गाप्रसाद ढकालले प्रशिक्षण प्रदान गर्नु भएको थियो। तालिममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, शिक्षा, ऋण उपसमितिका पदाधिकारी तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

## २४ औ बार्षिक ...

संस्थाका ७५ बर्ष पुरा हुनु भएका संस्थाका जेष्ठ सदस्यहरुलाई सम्मान गर्नु हुँदै संस्थाका संस्थापक अध्यक्ष श्री कृष्ण वहादुर घजूले संस्था स्थापना कालको संस्मरणबारे चर्चा गर्नु हुँदै संस्थाले आर्थिक कारोबार मात्र नगरी समुदायको सामाजिक र साँस्कृतिक उत्थानका लागि पनि विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो। साथै उक्त कार्यक्रममा गत ईन्द्र जात्राको अवसरमा सिद्धि गणेश सहकारी संस्था लि. संगको सहकार्यमा संस्थाले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रम रक्तदान गर्नुहुने स्वयम् सेवी रक्तदाताहरुलाई सम्मान पत्र र उच्च माध्यमिक विद्यालय तहको परीक्षा देखि स्नातकोत्तर तहको परीक्षा उत्तीर्ण गर्नुहुने सदस्यहरुलाई सम्मान गरिएको थियो । उक्त



कार्यक्रममा जिल्ला सहकारी संघ लि.का अध्यक्ष श्री महेश श्रेष्ठ, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष श्री कृष्ण गोविन्द लाखाजु लगायतका महानुभावहरुले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रम संस्था अध्यक्ष श्री कान्छा भक्त घजुको अध्यक्षतामा सम्पन्न भएको थियो।

## संस्थामा अध्ययन अवलोकन भ्रमण

सहकारी प्रशिक्षण केन्द्र, बानेश्वरमा संचालित सहकारी प्रशिक्षण तालिममा सहभागी देशका विभिन्न संस्थाका २८ जना प्रतिनिधिहरुले २०७५ भाद्र ४ गते यस संस्थाको अध्ययन अवलोक भ्रमण गर्नु भयो भने २०७६ बैशाख २७ गते गण्डकी प्रदेश अन्तर्गत पोखरा उपमहानगरपालिका स्थित कर्मशील बचत तथा ऋण सहकारी संस्था लि., पोखराका २३ जना प्रतिनिधिहरुबाट पनि यस संस्थाको अध्ययन अवलोकन भ्रमण गर्नु भएको थियो । उक्त अवलोकन भ्रमणका क्रममा संस्थाले आफ्ना विभिन्न गतिविधिहरु प्रस्तुत गरिनुका साथै भ्रमण टोलीहरुसँग अन्तरक्रिया समेत भएको थियो।

त्यसै गरी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) र द क्रेडिट कोअपरेटिभ युनियन लिग अफ बांगलादेश (सीसीयुएलबी) बीचको आपसी सद्भाव भ्रमण अन्तर्गत २०७६ चैत्र २६ गते बागलादेशको केन्द्रीय सहकारी संघ, द क्रेडिट कोअपरेटिभ युनियन लिग अफ बांगलादेश (सीसीयुएलबी) का डाईरेक्टर श्री नुरु महोमदको नेतृत्वमा बांगलादेशको सहकारी विभागका उपरजिष्ट्रार श्री काजी मसबहुद्दिन अहमद लगायत देशका प्रारम्भिक संस्थाहरुका प्रतिनिधिहरुबाट संस्थाको अध्ययन अवलोकन भ्रमण गर्नु भएको थियो । सो अवसरमा संस्थाले संचालन गर्दै आएको विभिन्न गतिविधिहरु प्रस्तुत गरेको थियो भने भ्रमण टोली र संस्थाका पदाधिकारी वीच आ-आफ्नो संस्था सम्वन्धमा अन्तरक्रियात्मक कार्यक्रम पनि भएको थियो । भ्रमण टोलीले संस्थाबाट ऋण लिई सञ्चालन गर्दै आएको विभिन्न व्यवसायहरुको अवलोकन समेत गरेको थियो।

## हार्दिक श्रद्धाञ्जली



**श्रीमती हरिमाया दुगु (१२३०)**
जन्म : १९८५
स्वर्गारोहण : २०७५/१२/२१



**श्रीमती अतल माया घजु (४०११)**
जन्म : २००३/६/२६
स्वर्गारोहण : २०७६/०१/१२



**श्री जगत कृष्ण घजु (३)**
जन्म : २०२८/३/२०
स्वर्गारोहण : २०७६/०१/३०



**श्री प्रकास कुमार बस्नेत(४३५९)**
जन्म : २०२५/५/१८
स्वर्गारोहण : २०७६/०२/०९



**श्रीमती रामप्यारी दाहाल (१०३७)**
जन्म : २००३/१०/१०
स्वर्गारोहण : २०७६/०१/२८



**श्री छ कुमार चित्रकार (२७४७)**
जन्म : २००१/९/२८
स्वर्गारोहण : २०७६/०२/२०

यस संस्थाका माथि उल्लेखित सदस्यहरुको असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**उपकार बचत तथा ऋण सहकारी संस्था लि.**
**परिवार**